## गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको लागि अवलम्बन गर्नुपर्ने प्रकृया र आवश्यक कागजातहरु

१. गैर आवासीय नेपालीले साविकमा नेपाली नागरिकता लिएको तर उक्त नेपाली नागरिकता परित्याग नगरेको भए सक्कलै नेपाली नागरिकता प्रमाणपत्र विदेशी मुलुकको नागरिक भएको प्रमाण र राहदानी सहित प्रतिलिपी शाखा कोठा नं १०२ मा नागरिकता परित्यागको प्रकृयाको लागि सम्पर्क गर्नुहुन ।

२. गैर आवासीय नागरिकताको प्रमाणपत्र लिने व्यक्तिले साविकको नागरिकताको प्रमाणपत्र जारी भएको जिल्ला प्रशासन कार्यालय बाट कानुन बमोजिम नेपाली नागिरकता परित्याग गरेको निस्सा लिएको हुनुपर्नेछ ।

३. नेपाली नागरिकता परित्यागको निस्सा पेश गरे पश्चात गैर आवासीय नेपाली नागरिकता आवेदनका लागि देहायका कागजात सहित जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको नागरिकता शाखा कोठा नं १०१ मा सम्पर्क गर्ने ।

A. अनुसूची ८ग. बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन ।
B. अनुसूची ८ घ. बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची ८ च. बमोजिमको सपथ ।
C. साविकको नेपाली नागरिकता र राहदानी परित्याग गरेको प्रमाण ।
D. विदेशी मुलुकको नागरिक भएको र राहदानी भएको प्रमाण ।
E. सार्क राष्ट्र बाहेकका देशमा बसोबास गरिरहेको प्रमाण
F. निवेदकको नजिकको नाताभित्रको नातेदारको नेपाली नागरिकता सहित सनाखतको लागि उपस्थित हुनुपर्नेछ । यदि नजिकको नातेदार नभएमा थप बुझि निजलाई चिन्ने नेपाली नागरिकबाट सनाखत गराउन सकिनेछ ।
G. जिल्ला प्रशासन कार्यालयले प्रहरीको स्थलगत सर्जिमिन मुचुल्का लगायत अन्य माध्यमबाट थप बुझ्न सक्नेछ ।
H. अनुसूचीहरु जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको वेबसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

४. गैर आवासीय नेपालीले आफु नागरिक रहेको मुलुकस्थित वा त्यस्तो मुलुक समेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली दुतावास वा महावाणिज्य दुतावासमा निवेदन दिई नेपाली नागरिकता परित्याग गर्न सक्नेछन् ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

२०८०।०६।१०

निर्मल पोखरेल
प्रमुख जिल्ला अधिकृत